# विकृतिविहीन न्यायपालिकाको विकास अध्ययन कार्यदल - २०६६ को

## प्रेस विज्ञप्ति

मिति : २०६६।१०।५।३

विकृतिविहीन न्यायपालिकाको विकास गर्न अल्पकालीन र दीर्घकालीन उपायहरु सिफारिस गर्न सर्वोच्च अदालतद्वारा २०६६ साल पुस ७ गते कार्यदल गठन गरिएको थियो । वरिष्ठतम् न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको संयोजकत्वमा गठित यस चार सदस्यीय कार्यदलले आफ्नो अध्ययनलाई तीव्रता दिएको छ ।

अहिलेसम्म यस कार्यदलले ट्रान्सपरेन्सी इन्टरनेशनल, नेपाल कानून पत्रकार, उपत्यका बार एकाइका पदाधिकारी, सरकारी वकीलहरु, सेवाग्राहीहरु, पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरु, सर्वोच्च अदालत कर्मचारी संघ, संगठन मञ्च, युनीयनका पदाधिकारीहरु र न्याय परिषदका वर्तमान तथा पूर्व सचिवहरुसँग समस्या र समाधानका विषयमा अन्तर्क्रिया सम्पन्न गरिसकेको छ ।

माघको पहिलो हप्तामा नेपाल कानून व्यवसायी परिषद, नेपाल प्रहरीका अपराध अनुसन्धानका विभिन्न तहमा कार्यरत प्रहरी अधिकृतहरु, सर्वोच्च अदालत बार एशोसिएशनका पदाधिकारीहरु र केही वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुसँग अन्तर्क्रिया गर्ने कार्यक्रम रहेको छ ।

माघ दोस्रो हप्तामा कार्यदलका संयोजक श्री रामप्रसाद श्रेष्ठ पोखरा, सदस्य श्री गिरीश चन्द्र लाल नेपालगञ्ज तथा जनकपुर र सदस्य श्री प्रकाश वस्ती विराटनगर जाने कार्यक्रम रहेको छ ।

सुझाउ संकलनको कार्य समाप्त भएपछि भावी कार्यदिशाका सम्वन्धमा विकृतिविहीन न्यायपालिका निर्माणको सहयात्री नेपाल बार एशोसिएशनका वर्तमान र नव निर्बाचित पदाधिकारीसँग छलफल गर्ने कार्यदलको कार्यक्रम रहेको छ । अदालत समयलाई कतै वाधा नपर्ने गरी कार्यदलले अन्तर्क्रिया छलफल र अध्ययनद्वारा तथ्य संकलनको काम गरिआएको छ ।

सुझाउका लागि सार्वजनिक आव्हान समेत गरिएको यस अध्ययनमा अत्यन्त महत्वपूर्ण सूचना र सुझाउहरु प्राप्त भएका छन् ।

## हालसम्म सम्पन्न अन्तर्क्रियाहरु

| | | |
|---|---|---|
| १. | ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल | - २०६६।९।१४ |
| २. | कानून पत्रकार | - २०६६।९।१८ |
| ३. | उपत्यका बार एकाई पदाधिकारी | - २०६६।९।२० |
| ४. | महान्यायाधिवक्तासमेत सरकारी वकिल | - २०६६।९।२२ |
| ५. | सेवाग्राहीहरु | - २०६६।९।२६ |
| ६. | मा.मु.न्या.हरु | - २०६६।९।२८ |
| ७. | सर्वोच्च अदालत कर्मचारी संघ/संगठन/ मञ्च/ युनीयन | - २०६६।९।२९ |
| ८. | न्याय परिषद वर्तमान तथा पूर्व सचिवहरु | - २०६६।१०।४ |

## अब हुने अन्तर्क्रिया

| | | |
|---|---|---|
| १. | नेपाल प्रहरी अपराध अनुसन्धान सम्वद्ध | - २०६६।१०।५ |
| २. | नेपाल बार काउन्सील/ अनुशासन समिति समेत | - २०६६।१०।६ |
| ३. | स.अ. बार / वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरु | - २०६६।१०।८ |

४. नेपाल बार एशोसिएशन नव निर्वाचित तथा वर्तमान कार्य समिति

५. काठमाडौं उपत्यका बाहिर

(क) नेपालगञ्ज - मा.न्या. श्री गिरीश चन्द्र लाल

(ख) पोखरा - मा.न्या. श्री रामप्रसाद श्रेष्ठ

(ग) जनकपुर - मा.न्या. श्री गिरीश चन्द्र लाल

(घ) विराटनगर - मा.न्या. श्री प्रकाश वस्ती